महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य

Business Connect MOST CUSTOMER-CENTRIC BANK OF THE YEAR 2025

SILVER

3rd Emerging Asia BANKING AWARDS
ICC Award | Rising Star in Asset Quality

SAFA 2018

CERTIFIED ISO 9001:2015 COMPANY

महालक्ष्मी बुलेटिन

वर्ष ७, अंक २६

Vision दुरदृष्टि

To become "The Most Trusted Bank" to the customers, to the employees, to the stakeholders and to the regulators through the process of continuous innovation and improvement, strong corporate governance and professional work culture.

निरन्तर नविनतम खोज तथा सुधार, बलियो संस्थागत सुशासन तथा व्यवसायिक कार्य संस्कृतीको माध्यमबाट ग्राहकवर्ग, कर्मचारी, सरोकारवाला तथा नियमनकारी निकायहरु बीच सबैभन्दा विश्वासिलो बैंकको रुपमा स्थापित हुने ।

Mission मिसन

Our Mission is to offer safety of deposits & render best services to the customers, build the best place to work with, provide best & perpetual returns to the stakeholders with the strict compliance to the regulations.

नियमनकारी निकायबाट जारी नियामकीय निर्देशनको पुर्ण रुपमा अनुपालना गर्दै निक्षेपको सुरक्षण प्रदान गर्ने, ग्राहकलाई विशिष्ट सेवा प्रदान गर्ने, बैंकलाई उत्तम कार्यथलोको रुपमा विकसित गर्ने तथा शेयरधनीहरुलाई सदैव उचित प्रतिफल प्रदान गर्ने ।

Objectives उद्देश्यहरु

- Provide excellence in customer service by proactive approach.
- Sell financial products that are competitively priced.
- Continue business in an ethical, transparent and responsible manner, becoming the role model of corporate governance.
- Deliver strong financial and operational efficiency by implementing cutting edge technology.
- Continuously improve the asset quality to obtain sustainable returns.
- Apply cost effective approach to reduce operational expenses.
- Adopt professional approach in effectively managing financial as well as non-financial risks.
- Build a Centre for career growth to performing employees.
- Maximize profitability by working under the guideline of regulators and internal policies/ guideline.

- पुर्व सक्रियताको माध्यमबाट ग्राहक सेवामा विशिष्टता प्रदान गर्ने ।
- प्रतिस्पर्धी बजार मुल्यमा वित्तीय सेवा प्रदान गर्ने ।
- व्यवसायमा नैतिकता, पारदर्शीता तथा उत्तरदायित्वलाई निरन्तर आत्मसाथ गर्दै संस्थागत सुशासनमा नमुनाको रुपमा प्रस्तुत हुने ।
- अत्याधुनिक प्रविधिको प्रयोग गरी बलियो वित्तिय तथा सञ्चालन प्रभावकारिता प्रदान गर्ने ।
- दिर्घकालीन प्रतिफल आर्जन गर्न सम्पत्ति गुणस्तरमा निरन्तर सुधार गर्ने ।
- वित्तीय तथा गैह्र वित्तीय जोखिम प्रभावकारी रुपमा व्यवस्थापन गर्न व्यवसायिक पद्धतीको अवलम्बन गर्ने ।
- लागत प्रभावकारिताको माध्यमबाट सञ्चालन खर्च कम गर्ने ।
- कुशल कार्य प्रर्दशन गर्ने कर्मचारीहरुलाई वृत्ति विकासको लागि केन्द्र निर्माण गर्ने ।
- नियमनकारी निकायहरुबाट जारी गरिएका मार्गदर्शन तथा आन्तरिक निति/मार्गदर्शन भित्र रही नाफा वृद्धि गर्ने ।

Corporate Values संस्थागत मूल्यहरु

- Customer Centric
- Respecting all forms of diversity
- Committing towards high level of ethics, governance and professionalism
- Focusing towards innovation
- Being accountable for all our actions

- ग्राहक केन्द्रित
- सबै प्रकारको विविधताको सम्मान
- नैतिकता, सुशासन तथा व्यवसायिकता प्रति उच्तम प्रतिबद्धता
- नवप्रवर्तन प्रति जोड
- हाम्रो सबै कार्य प्रति हामी सबै उत्तरदायी

Financial Highlights

As on Aswin End 2082

As per Unaudited Financial Report (Amount in NPR)

Deposit
Aswin 2081: 53.67 Arba
Aswin 2082: 54.88 Arba
Change: 2.27%

Loan (NET)
Aswin 2081: 44.66 Arba
Aswin 2082: 43.53 Arba
Change: -2.52%

Balance Sheet Size
Aswin 2081: 64.64 Arba
Aswin 2082: 63.86 Arba
Change: -1.20%

Number of Deposit Account
Aswin 2081: 7,89,387
Aswin 2082: 8,35,059
Change: 5.79%

Net Profit
Aswin 2081: 9.43 Crore
Aswin 2082: 9.75 Crore
Change: 3.42%

NPL %
Aswin 2081: 4.90%
Aswin 2082: 5.50%
Change: 0.60

Operating Profit
Aswin 2081: 13.57 Crore
Aswin 2082: 18.08 Crore
Change: 33.25%

Number of Loan Accounts
Aswin 2081: 22,647
Aswin 2082: 19,304
Change: -14.76%

Reserve
Aswin 2081: 2.43 Arba
Aswin 2082: 2.42 Arba
Change: -0.56%

Profit Before Tax
Aswin 2081: 13.47 Crore
Aswin 2082: 13.93 Crore
Change: 3.42%

Net Worth Per Share
Aswin 2081: 163.48
Aswin 2082: 165.43
Change: 1.19%

Earnings Per Share (Annualized)
Aswin 2081: 9.04
Aswin 2082: 9.08
Change: 0.41%

Net Operating Income
Aswin 2081: 39.81 Crore
Aswin 2082: 45.55 Crore
Change: 14.43%

Number of ATMs
Aswin 2081: 49
Aswin 2082: 33

Number of Branches
Aswin 2081: 103
Aswin 2082: 103

महालक्ष्मी विकास बैंक इन्डियन चेम्बर अफ कमर्सको प्रतिष्ठित अवार्डबाट सम्मानित

ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ्ग सुविधा उपलब्ध गराइरहेको महालक्ष्मी विकास बैंक इन्डियन चेम्बर अफ कमर्स, कोलकत्ता, भारतको प्रतिष्ठित अवार्डबाट सम्मानित भएको छ। बैंकले "सम्पती गुणस्तर" (Assets Quality) अन्तर्गतको विधामा सम्मान पाएको हो । अगस्ट २९, २०२५ मा नयाँ दिल्लीमा आयोजित "तेस्रो इर्मजिङ्ग एसिया बैंकिङ्ग कनक्लेभ एण्ड अवार्डस" कार्यक्रममा बैंकले उक्त सम्मान प्राप्त गरेको हो । बिमस्टेक क्षेत्रमा सबैभन्दा प्रतिष्ठित रहेको बैंकिङ्ग कनक्लेभ तथा अवार्ड कार्यक्रममा भारत, श्रींलका, नेपाल, म्यानमार, बंगलादेशका बैंकहरुको सहभागिता रहेको थियो। बैंकले सम्पतीको संरचना, सम्पतीहरुको प्रभावकारी परिचालन तथा सम्पतीको गुणस्तर सुधारमा उल्लेखनीय कार्य गरे बापत उक्त अवार्ड प्राप्त गर्न सफल भएको हो। यस अवार्डको प्राप्तीसँगै अन्तर्राष्ट्रिय क्षेत्रमा बैंकको पहिचान स्थापित गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

"महालक्ष्मी विकास बैंकद्धारा वैदेशिक रोजगारबाट फर्किएका नेपालीलाई लक्षित गर्दै नव उद्यम कर्जा सञ्चालनमा"

महालक्ष्मी विकास बैंकद्धारा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई सफल उद्यमी बनाउने उद्धेश्यका साथ आकर्षक ब्याजदरमा नव उद्यम कर्जा सञ्चालनमा ल्याएको छ।

वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुसँग व्यवसाय सञ्चालन गर्न आवश्यक सीप, अनुभव र केही रकम बचत समेत हुने तर पर्याप्त लगानीको अभावको कारणले आफुले चाहेको व्यवसाय गर्नबाट वञ्चित व्यक्तिहरुलाई लक्षित गर्दा नव उद्यम कर्जा सञ्चालनमा ल्याएको हो। कृषि, व्यापार, सेवा तथा उत्पादनमा आधारित विभिन्न व्यवसाय सञ्चालन गरी उद्यमशीलता विकास गर्न सकिने अभिप्रायका साथ सञ्चालनमा ल्याइएको यस्तो कर्जा प्रतिस्पर्धी ब्याजदरमा उपलब्ध गराइनेछ। यस प्रकारको कर्जामा १० लाख देखी १ करोड सम्म सिमा रहने छ भने यस प्रकारको कर्जाको अवधी न्यूनतम २ वर्ष देखी अधिकतम १५ वर्ष सम्म रहनेछ। यस्तो कार्यबाट नेपाल फर्किएका युवाहरुलाई आत्मनिर्भर बनाउन, स्वदेश मै रोजगारी सिर्जना गर्न, उद्यमशिलता विकास गर्न, विप्रेषण मार्फत आउने रकमको सही सदुपयोग गर्न तथा समग्र देशको आर्थिक विकासमा टेवा पुर्‍याउन सहयोग पुग्ने विश्वास बैंकले लिएको छ। साथै नेपाल मै रहेका व्यक्तिहरुले समेत साना तथा मझौला उद्योग-व्यवसाय सञ्चालन तथा विस्तार गर्न विभिन्न कर्जा शिर्षक अन्तर्गत यस्तो सुविधा उपभोग गर्न सक्नेछन्।



महालक्ष्मी विकास बैंक ISO 9001: 2015 बाट पुनः प्रमाणित

महालक्ष्मी विकास बैंक अन्तराष्ट्रिय स्तरमा मान्यता प्राप्त ISO 9001: 2015 बाट पुनः प्रमाणित भएको छ । गुणस्तर व्यवस्थापन प्रणाली (Quality Management System) मा अन्तराष्ट्रिय स्तरको गुणस्तरीय सेवा प्रदान गर्न अब्बल भए बमोजिम मिति २०८१ साल श्रावण ३२ (सन् २०२४ अगष्ट १६) देखी लागु हुने गरी बैंक प्रमाणित भएकोमा २०८२ साल भाद्रमा भएको पहिलो सर्भिलियन्स अडिटबाट पुनः प्रमाणित हुन सफल भएको हो । बैंकले “Provision of Development Banking Activities” अन्तर्गत प्रमाणपत्र प्राप्त गरेको र यस्तो प्रमाणपत्र प्राप्त गर्नेमा विकास बैंकहरुमा महालक्ष्मी विकास बैंक अग्रणी बैंक बनेको थियो ।

अन्तराष्ट्रिय मापदण्ड अनुरुपको बलियो गुणस्तर व्यवस्थापन प्रणाली कायम गरेका साथै उत्कृष्ट सेवा प्रदान गर्न सक्ने, ग्राहक सन्तुष्टीलाई सुनिश्चित गर्न सक्ने तथा आफ्नो कार्य प्रणालीलाई निरन्तर रुपमा सुधार गर्न सक्ने संस्थाले मात्र यस्तो प्रमाणपत्र प्राप्त गर्न योग्य हुन्छन् । यस प्रमाण पत्र प्राप्तिको लागि यस बैंकको निति, नियम, प्रक्रिया, अभिलेखीकरण तथा समग्र व्यवस्थापन प्रणालीको जाँच तथा विस्तृत अडिट समेत गरिएको थियो ।

महालक्ष्मी विकास बैंकद्धारा क्रेडिट कार्ड मार्फत टुर प्याकेज खरिद गर्न सकिने योजनाको सुरुवात

ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ्ग सुविधा उपलब्ध गराईरहेको महालक्ष्मी विकास बैंकले बैंकको क्रेडिट कार्ड प्रयोग गरी सहज र सुरक्षित तरिकाले टुर तथा भ्रमण प्याकेज खरिद गर्न सकिने सुविधाको सुरुवात गरेको छ । यस अन्तर्गत बैंकले विभिन्न प्रतिष्ठित ट्राभल एजेन्सीहरुसँग व्यवसायिक सहकार्यको लागि सम्झौता समेत गरिसकेको छ । प्रारम्भिक चरणमा पर्यटकहरुले गुरु ट्राभल्स लि., दरबारमार्ग र रिसेन्ट एण्ड रिदम टुर्स एण्ड ट्राभल्स, उत्तरढोका, काठमाण्डौं मार्फत यो सुविधा लिन सक्नेछन् । सम्झौता अन्तर्गत महालक्ष्मी विकास बैंकका क्रेडिट कार्ड वाहकहरुले ट्राभल एजेन्सी मार्फत विभिन्न टुर प्याकेज खरिद गर्दा महालक्ष्मी विकास बैंकको क्रेडिट कार्ड प्रयोग गरी खरिद गर्न सक्नेछन् । साथै आफुले खरिद गरेको टुर प्याकेजको मुल्य बराबरको रकमको भुक्तानी ६ महिना देखी १२ महिना सम्मको लचिलो अवधी रहने गरी मासिक रुपमा भुक्तान गर्न मिल्ने गरी रुपान्तरण गर्न समेत सक्नेछन् । आफुले खरिद गरेको टुर प्याकेजको बिल पेश गरे पश्चात महालक्ष्मी विकास बैंकले सहज रुपमा नै सो कारोबारलाई मासिक किस्तामा परिवर्तन गरिदिनेछ र यसरी मासिक किस्तामा परिवर्तन गर्दा बैंकले EMI Processing शुल्क लिने छैन । यस कार्यको सुरुवातसँगै डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न र चाडपर्वहरुलाई थप उत्साहमय र अर्थपुर्ण बनाउन सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यत्रमहरु सम्पन्न

महालक्ष्मी विकास बैंक लि. ले स्थापनाकालदेखि नै विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आफ्ना शाखाहरु मार्फत विभिन्न कार्यहरु गर्दै आएको छ । देशैभरी फैलिएका यस महालक्ष्मी विकास बैंक लि. का विभिन्न शाखाहरुमार्फत अनवरत रुपमा शिक्षा, स्वास्थ्य, वातावरणीय सरसफाई जस्ता प्रमुख क्षेत्रहरुमा उल्लेखनीय योगदान दिने कार्यलाई निरन्तरता दिँदै आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासमा निम्न बमोजिमका सामाजिक हितका कार्यहरु गरिएको छ ।

१. महालक्ष्मी विकास बैंकद्धारा प्रहरी वृत दरबारमार्गको कार्यालय भवन मर्मत सम्भारमा सहयोग

महालक्ष्मी विकास बैंकले मुलुकमा भाद्र महिनामा भएको आन्दोलनको क्रममा भएको आगजानी तथा तोडफोडको कारणले क्षतिग्रस्त भएको प्रहरी वृत दरबारमार्ग, काठमाण्डौंको भवनको पुर्ननिर्माण कार्य तथा मर्मत सम्भारको लागि आर्थिक सहयोग गरेको छ ।

दरबारमार्गमा रहेको उक्त प्रहरी कार्यालयमा न्यूनत्तम प्रशासनिक कार्यहरु गर्न कठिनाई भएकोले कार्यालय भवनको मर्मत सम्भार तथा अन्य सिभिल कार्यहरु गर्न आर्थिक सहयोग गरिएको हो । यस कार्यबाट प्रहरी वृत्त दरबारमार्गमा भईरहेको पुर्ननिर्माण तथा मर्मत सम्भार कार्य छिटो सम्पन्न हुने तथा यस सहयोगबाट पुर्ननिर्माण तथा मर्मत सम्भारको प्रयासमा एक ईटा थप हुने विश्वास बैंकले लिएको छ ।

२. महालक्ष्मी विकास बैंकद्धारा जेष्ठ नागरिक चौतारीलाई आर्थिक सहयोग

महालक्ष्मी विकास बैंकले जेष्ठ नागरिक चौतारी, ठेचो, ललितपुरलाई सुदुरपश्चिम प्रदेशको हुम्ला जिल्लाका जेष्ठ नागरिकहरुको पुर्ण स्वास्थ्य परिक्षण सहितको स्वास्थ्य शिविर सञ्चालन गर्न तथा नसर्ने रोगहरुको रोकथाम सम्बन्धी कार्यशाला सम्पन्न गर्न आर्थिक सहयोग गरेको छ ।

३. एकीकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र, सिमकोट हुम्लालाई आर्थिक सहयोग

हुम्ला जिल्लाको सदुरमुकाम सिमकोट देखी ४४ कोष दक्षिण पुर्वको अदानचुली गाउँपालिका वडा न. १ का ६५ घरधुरीका दलित समुदायमा रहेका हलिया, लगी र खलोको रुपमा जीविकोपार्जन गरिरहेको विपन्न वर्गका मानिसहरु, अनाथ बालबालिका, एकल महिला, एकल पुरुषहरुलाई खाद्यान्न पुर्याउने गरी एकीकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र, सिमकोट हुम्लालाई आर्थिक सहयोग गरेको छ ।

४. भक्तपुर क्यान्सर अस्पतालमा स्वास्थ्य सामाग्री खरिद गर्न आर्थिक सहयोग

सरकारी अस्पतालहरुको पुर्वाधार विकासमा सहयोग पुर्याउने उद्धेश्यका साथ भक्तपुर क्यान्सर अस्पतालमा बालबालिकाहरुको क्यान्सर उपचारको लागि सघन उपचार कक्ष स्थपनाको लागि आवश्यक पर्ने सामाग्री खरिदको लागि महालक्ष्मी विकास बैंकले रमेश गुप्ता मेमोरियल ट्रस्टलाई आर्थिक सहयोग गरेको छ ।

५. श्री भृकुटी माध्यमिक विद्यालय, बागलुङ्गलाई शौचालय निर्माणको लागि आर्थिक सहयोग

भुकृटी माध्यमिक विद्यालय बागलुङ्गमा अध्ययनरत छात्राहरुलाई सुरक्षित र सहज रुपमा रुपमा शौचालय सुविधा प्रदान गर्नको लागि आधुनिक शौचालय निर्माण गर्ने गरी रोटरी क्लब अफ काठमाण्डौं मेट्रोलाई महालक्ष्मी विकास बैंकले संस्थागत सामाजिक उत्तर दायित्व अन्तर्गत आर्थिक सहयोग गरेको छ ।

प्रहरी वृत दरबारमार्ग, काठमाण्डौंको भवनको पुर्ननिर्माण कार्य तथा मर्मत सम्भारको लागि बैंकले गरेको आर्थिक सहयोग र संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भक्तपुर शाखाले गरेको वित्तीय साक्षरता कार्यक्रमको केही झलकहरु

मासिक बचत खाता खोल्न दिइएको लक्ष्य प्राप्त गर्ने शाखा

पहिलो त्रैमास आर्थिक वर्ष २०८२/८३				
श्रावण २०८२			भाद्र २०८२	आश्विन २०८२
श्रीपुर विरगंज	संतुगल	ढल्केवर	पकडी	बेथरी
पकडी	कुमारीपाटी	विजयपुर पोखरा	श्रीपुर विरगंज	राजापुर
मंगलसेन	चरिकोट	अमरपथ बुटवल	पर्सौनी	पकडी
सुर्यपुरा	धार्के	न्यूरोड काठमाण्डौं	बेलौरी	रुपनी
महेन्द्रनगर	बर्दीवास	भक्तपुर	विरगंज	लाहान
लम्की	धनगढी	महाराजगंज	मनहरी	बाँसगढी
बेथरी	मनहरी	मैतीदेवी	बेथरी	श्रीपुर विरगंज
भैरहवा	सुर्खेत	चिप्लेढुङ्गा	भैरहवा	चन्द्रौटा
विरगंज	बिचबजार धादिङ्ग	इटहरी	रुपनी	विरगंज
पर्सौनी	नेपालगंज	परासी	गोलबजार	गंगबु
तुल्सीपुर	मलगंवा	सिसुवा	कलैया	सुर्यपुरा
बेलौरी	सातदोबाटो	सिमरा	परासी	हाकिमचोक
बौनिया	कोटेश्वर	रुकुम	महेन्द्रनगर	लमही
मसुरिया	पाटन बैतडी	कमाने हेटौडा	मार्तडी बाजुरा	महेन्द्रनगर
धकधही	पिपल्ला	लालबन्दी	बाँसगढी	
बाँसगढी	लमही	कोहलपुर	कुमारीपाटी	
गोलबजार	झम्सीखेल	खाँडीचौर	सातदोबाटो	
दमक	कावासोती	रुपनी	सिमरा	
कलैया	हसुलिया	न्यूरोड पोखरा	लालबन्दी	
चन्द्रनिगापुर	तिनचुली	चन्द्रौटा	सुर्यपुरा	
बसुन्धरा	टाँडी	टिकापुर	सिसुवा	
हेटौडा	चैनपुर बझाङ्ग	डडेल्धुरा	हाकिमचोक	
राजापुर	बिर्तामोड		टाँडी	

मासिक कर्जा लक्ष्य प्राप्त गर्ने शाखा कार्यालयहरु

पहिलो त्रैमास आर्थिक वर्ष २०८२/८३				
श्रावण २०८२		भाद्र २०८२	आश्विन २०८२	
गंगबु	विजयपुर पोखरा	न्यूरोड काठमाण्डौं	ठमेल	विराटनगर
चावहिल	मनिग्राम बुटवल	चावहिल	चावहिल	मनिग्राम बुटवल
न्यूरोड, काठमाण्डौं	सुर्खेत	गंगबु	गंगबु	ठुटीपिपल
कोटेश्वर	गोलबजार	कुमारीपाटी	भाटभाटेनी	सुर्यपुरा
भाटभाटेनी	बर्दीवास	भाटभाटेनी	मैतीदेवी	सुर्खेत
थापाथली		कमाने हेटौडा	न्यूरोड, काठमाण्डौं	कोहलपुर
कुमारपाटी		लेकसाईड पोखरा	भक्तपुर	लालबन्दी
कमाने, हेटौडा		मनिग्राम बुटवल	पालुङ्ग	गोलबजार
दमौली		ठुटीपिपल	कावासोती	बर्दीवास
चिप्लेढुङ्गा		सुर्खेत	हाकिमचोक	पर्सौनी
लेकसाईड पोखरा		गोलबजार	शिशुवा	
नयाँबजार पोखरा		मलंगवा	धरान	

महालक्ष्मी विकास बैंक लिमिटेडका ग्राहकहरुलाई विभिन्न संस्थाका सेवाहरुमा विशेष छुट

“सबल बैंक, सफल सहकार्य” को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य क्षेत्र, रेष्टुरेन्ट लगायतका संस्थाहरुसँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न स्थानमा अवस्थित संस्थाहरुसँग सम्झौता गरेको छ ।

सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् । उक्त संस्थाहरु र प्राप्त गर्न सकिने छुट निम्न लिखित छन्:

क्र.स	संस्था	ठेगाना	विवरण	प्राप्त गर्न सकिने छुट
१	मनकामना दर्शन प्रा.लि.	कुरिनटार, चितवन	केवलकार टिकट खरिद	१० प्रतिशत
२	र्‍याडिसन होटल	लाजिम्पाट, काठमाण्डौं	त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थलमा रहेको र्‍याडिसन एयरपोर्ट लाउन्ज सेवा	१५ प्रतिशत
३	समाज डेण्टल हस्पिटल प्रा.लि.	बानेश्वर, काठमाण्डौं	एक्सरे र फार्मेसी बोहकका सेवाहरु	१५ प्रतिशत
४	मत्सुरी टोकियो प्रा.लि.	दरबारमार्ग, काठमाण्डौं	खाना तथा पेय पदार्थ	१० प्रतिशत
५	मंगलम डाईगोनोस्टीक सेन्टर	विरगंज, पर्सा	प्याथोलोजी सेवा	१० प्रतिशत
६	होटल क्वीक २० रिभर साईड	जितपुर, सिमरा	खाना, आवास तथा पेय पदार्थ	५ प्रतिशत
७	नाईस न्यू होम डेकोर	नयाँबजार, काठमाण्डौं	कार्पेट तथा फ्लोरिङ्गसका सामाग्रीहरु	२० प्रतिशत सम्म
८	शुभ काठमाण्डौं टायर सेन्टर	ढुंगेधारा, काठमाण्डौं	एम.आर.एफ ब्राण्डका टायरहरु	१० प्रतिशत सम्म
९	कुलेखानी भिलेज रिर्सोट	कुलेखानी, मकवानपुर	कोठा शुल्क	१० प्रतिशत सम्म
१०	रिगल हेटौंडा रिर्सोट प्रा.लि.	हेटौंडा-५, मकवानपुर	खाना, आवास तथा पेय पदार्थ	१५ प्रतिशत सम्म
११	कविलास रिर्सोट एण्ड फनपार्क	भरतपुर, चितवन	खाना तथा फनपार्क शुल्क	१५ प्रतिशत
१२	लन्जेभिटि हेल्थ होम	ललितपुर म.न.पा वडा न. ०३, टुटेपानी, ललितपुर	अकुपंचर, पञ्चकर्म, प्याथोलोजी, डक्टर चेकअप लगायतका सेवाहरु	२० प्रतिशत सम्म

यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ । यसका साथसाथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षात्कार गराउने उद्देश्यले बैकले विभिन्न शाखाहरुबाट वित्तीय जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आएको छ । हालै मात्र बैंकले आफ्ना क्रेडिट कार्ड वाहकहरुले विभिन्न ट्राभल एजेन्सी मार्फत टुर प्याकेज खरिद गर्दा महालक्ष्मी बैंकको क्रेडिट कार्ड प्रयोग गरी खरिद गर्न सक्ने योजनाको सुरुवात गरेको छ । यस अन्तर्गत आफुले खरिद गरेको टुर प्याकेजको मुल्य बराबरको रकमको भुक्तानी ६ महिना देखी १२ महिना सम्मको लचिलो अवधी रहने गरी मासिक रुपमा भुक्तान गर्न मिल्ने गरी रुपान्तरण गर्न समेत सक्नेछन् ।

महालक्ष्मी घर-दैलो कार्यक्रम सम्पन्न

बैंकका १०३ वटै शाखाहरु मार्फत हरेक महिना कम्तिमा पनि एउटा घर-दैलो कार्यक्रम सञ्चालन हुँदै आईरहेको छ । आर्थिक बर्ष २०८२/८३ को पहिलो त्रैमासमा विभिन्न शाखाहरु मार्फत सम्पन्न भएका घर-दैलो कार्यक्रमहरुका केही झलकहरु:

बैंकको शाखा कार्यालयहरु श्रीपुर विरगंज, बौनियाँ र ठुटीपिपल शाखाले आयोजना गरेको घरदैलो कार्यक्रमका केही झलकहरु

Training Details First Quarter Fiscal Year 2082-83

SN	Training Program Title	Date(From)	Date(To)	Participants
1	Conduction of 3rd meeting of Mahalaxmi TMC	4/2/2082	4/2/2082	25
2	Cyber Security and Risk for Bank Leaders	4/23/2082	4/23/2082	1
3	AML/CFT, CPF Compliance: Supervisory Insights	4/23/2082	4/23/2082	2
4	Conduction of 4th meeting of Mahalaxmi TMC	4/17/2082	4/17/2082	16
5	Interaction Program on Monetary Policy 2082.83	4/17/2082	4/17/2082	1
6	AML.CFT Excellence: From Awareness to Implementation	4/17/2082	4/17/2082	2
7	Inventory and Public Procurement	4/23/2082	4/23/2082	2
8	Cross Border Payments and Digital Integration	4/12/2082	4/12/2082	2
9	Conduction of 5th meeting of Mahalaxmi TMC	2082/04/31	2082/04/31	17
10	Digital Marketing	4/14/2082	5/14/2082	2
11	Operational Risk Management and Digital Fraud	31/04/2082	31/04/2082	4
12	Environmental & Social Risk Management (ESRM)	31/04/2082	31/04/2082	1
13	Managing Recruitment & Turnover Cost	5/3/2082	5/3/2082	1
14	Building an Innovation Culture	5/6/2082	5/6/2082	6
15	Delight Your Customer with Excellent Customer Service	5/8/2082	5/8/2082	5
16	Combating Money Laundering & Financial Fraud in BFIs	5/13/2082	5/14/2082	1
17	Conduction of 6th Meeting of Mahalaxmi TMC	5/13/2082	5/13/2082	23
18	AML.CFT Excellence: From Awareness to Implementation	5/13/2082	5/13/2082	1
19	Brands & Beyond- 2025	5/19/2082	5/20/2082	4
20	Emotional Intelligence: Building Resilient and Inspiring Leaders	5/20/2082	5/20/2082	2
21	The CEO Mindset	5/19/2082	5/19/2082	7
22	Financial Literacy- Bagmati Province	6/8/2082	6/8/2082	5

"महालक्ष्मी तिज फोटो प्रतियोगिता २०८२" सम्पन्न

नेपाली महिलाहरुको महत्वपुर्ण चाँडको रुपमा रहेको तिज पर्वलाई विशेष रुपमा मनाउने उद्देश्य सहित "महालक्ष्मी तिज फोटो प्रतियोगिता २०८२" सम्पन्न भएको छ । महिला कर्मचारीहरुले तिज पर्व झल्कने गरी फोटो खिच्नुपर्ने र यसरी खिचिएका फोटोहरु बैंकमा सामाजिक संजालहरु भाइबर तथा फेसबुकमा राखिएको थियो । उक्त फोटोमा अधिकतम लाइक प्राप्त गर्ने महिला कर्मचारीहरुलाई पुरस्कृत गरिएको थियो ।

सबैभन्दा बढी लाइक प्राप्त गर्ने केन्द्रीय सञ्चालन विभागको कर्मचारी सन्ध्या कार्कीले रु ५००० नगद पुरस्कार पाउनुभएको छ । मैतीदेवी शाखाको कर्मचारी अनुसा श्रेष्ठ र मानव संसाधन विभागको कर्मचारी सुचित्रा सिंहले क्रमश दोस्रो र तेस्रो हुँदै क्रमश रु ३००० र रु २००० प्राप्त गर्नुभएको छ ।

विजेताहरु क्रमश : सन्ध्या कार्की, अनुसा श्रेष्ठ, र सुचित्रा सिंह

महालक्ष्मी विकास बैंकमा कार्यरत कर्मचारीहरुको सिर्जनशीलतालाई सम्मान गर्दै महालक्ष्मी बुलेटिन वर्ष ७ अंक २६ देखी कर्मचारीहरुले लेखेको विभिन्न लेख/रचनाहरु प्रकाशन गर्ने कार्यको सुरुवात गरिएको छ । यस अंकको छनोट भएका लेखहरु क्रमश तल प्रस्तुत गरिएको छ :

"बैंक तथा वित्तीय संस्थाको कर्जा असुलीको पुनर्जागरण : विश्वास, विवेक र बास्तविकताको संगम"

माधब पाण्डे
कर्जा असुली विभाग

बैंक तथा वित्तीय संस्था अहिले परिवर्तनको संवेदनशील चरणमा रहेको पाइन्छ । आर्थिक मन्दी, माहामारीका रुपमा फैलिएको कोभिड-१९ को दिर्घ असर, बैमोसमी प्राकृतिक प्रकोप, मुलुकको राजनैतिक अस्थिरता, नीतिगत अस्थिरता, गरिबी, बेरोजगरी, न्यून लगानी, न्यून जनचेतना र हालसालै भएको Gen-Z आन्दोलनले गर्दा बैंक तथा वित्तिय क्षेत्रको संरचना र सोचमा गहिरो असर पारेको छ । यस्तो बहुआयामिक असरले कर्जा असुलीलाई चुनौती मात्र दिएको छैन, यसले आत्ममुल्याङ्कन र पुनर्जागरणको अवसर पनि प्रदान गरेको छ ।

बैंकहरु निष्क्रिय कर्जाको चपेटामा र बदलिदो वित्तीय मनोविज्ञान

अहिले धेरै जसो बैंकहरुमा निष्कृय कर्जाको दर क्रमश बढ्दो क्रममा रहेको छ । कुनै आर्थिक मन्दीका कारण, कुनै प्राकृतिक प्रकोपले व्यवसाय नष्ट हुदा त कुनै सामाजिक असन्तुलन र वेरोजगारीले उत्पन मानसिक दबाबका कारण ऋणीको कर्जा तिर्ने क्षमता घट्दै गएको छ । कोभिड-१९ पछि धेरै व्यवसायिक संरचनाहरु पुनर्जीवित हुन नसक्दाको असर पनि ताजै नै रहेको छ र बेमौसमी बाढी पहिरो र मौसमी विपद्ले ग्रामीण क्षेत्रका ऋणीलाई अझ धेरै असहाय बनाइदिएको छ । जसले गर्दा कर्जा असुलीलाई अझ कठिन बनाउँदै लगानीको सुरक्षा र जोखिम व्यवस्थापनमा समेत चुनौती थपेको छ ।

त्यसैबीच, Gen -Z आन्दोलनले समाजमा संस्थागत अविश्वासको लहरको संकेत समेत देखिन आयो । विभिन्न कारणले युवा पुस्तामा देखिएको असन्तोष र आर्थिक चलायमानको असन्तुलनले समेत ऋणी र बैंकहरु बिचको सम्बन्धमा विस्तारै दुरी बढ्दै गएको आभाष समेत देखा पर्‍यो । जसको प्रत्यक्ष प्रभाव कर्जा असुलीमा देखिन गयो । त्यसैले बैंक तथा वित्तीय संस्थाहरुले कर्जा असुली प्रकृयामा कानुनको पुर्ण पालना सहित मानवता र विश्वासको पुननिर्माणमा समेत जोड दिन अपरिहार्य भएको छ ।

विश्वास, विवेक र वास्तविकताको त्रिकोणीय समायोजन

कर्जा असुलीको सफलता तीन मुख्य आधारमा लिन सकिन्छ । विश्वास, विवेक र वास्तविकता, विश्वास भनेको पारदर्शी संवाद, स्पष्ट नीतिनियम, ऋणीसंगको सहकार्य हो । विवेक भन्नाले कानुनी कठोरता भन्दा पनि ऋणीको अवस्थालाई मनन गर्दै व्यावहारिक समाधान खोज्ने दृष्टिकोण भन्ने हो । वास्तविकताले देशको वर्तमान आर्थिक, सामाजिक, राजनैतिक परिस्थिति र ऋणीको कर्जा भुक्तान गर्ने क्षमताको यथार्थ सही मूल्याङ्कन हो । यी तीन तत्वको सन्तुलित संगमले मात्र कर्जा असुलीलाई वढी प्रभावकारी, दिगो र विश्वासिलो बनाउन सक्दछ ।

डिजिटल प्रविधि र मानवीय संवदेनाको सन्तुलन

बैंकको कर्जा असुलीको बाटो प्रविधिमैत्री र मानवीयताको सन्तुलनमा निर्भर हुने देखिन्छ । डिजिटल ट्र्याकिङ्ग प्रणालि, तथ्याङ्कमा आधारित जोखिम मुल्याङ्कनले अझ वढि असुलीलाई प्रभावकारी, छरितो र पारदर्शी वनाउन सक्दछ । प्रविधि सहित, सहानुभूति, विवेक र व्यवहारिकताको सोचका साथमा ऋणीहरुका वास्तविक समस्याहरुलाई आत्मसाथ गर्दै निष्कृय कर्जाहरुको असुलीलाई चुनौतीको रुपमा मात्र नहेरी अवसरको रुपमा हेर्ने हो भने पनि बैंक र ऋणीहरु वीचको सम्बन्ध र विश्वसनियता अझ राम्रो हुने र समाजमा बैक प्रतिको विश्वसनियता अझ लोकप्रिय हुन सक्दछ ।

नीतिगत सहकार्य र संस्थागत पुननिर्माण

कर्जा असुलीलाई अझै प्रभावकारी बनाउन नीतिगत तथा संस्थागत सहकार्य पनि उत्तिकै महत्वपूर्ण रहेको छ । बैंक तथा वित्तीय संस्था, कानुनी निकायहरु र ऋणीहरु वीचको सहकार्य पनि सुदृण हुनुपर्दछ । नेपाल राष्ट्र बैंकले समय समयमा गर्ने गरेका निर्देशन अनुसार बैंहरुले नियम अनुसार पुनर्तालिकीकरण वा पुर्नसंरचना गरेमा, बैंक र ऋणीका मिलापत्र सम्झौता निति नियमहरु थप लचिला र व्यवहारिहक बनाएको अवस्थामा र कर्मचारीहरुलाई नवीन सोच, कानुनी ज्ञान, व्यवहारिक विवेक र संवाद सीपमा अझै दक्षता वृद्धि भएको अवस्थामा कर्जा असुली थप प्रभावकारी हुन सक्दछ ।

निष्कर्ष: पुनर्जागरणको बाटोमा बैकिङ्ग विश्वास

वित्तीय प्रणालीको मेरुदण्ड नै बैकिङ क्षेत्र हो, कर्जा असुली प्रकृयालाई चुनौतीको रुपमा मात्र नहेरी आर्थिक विश्वास पुननिर्माण अभियानको रुपमा हेर्नुपर्ने आजको आवश्यकता हो । विश्वासले दिशा निर्देशन गर्दछ, विवेकले दृष्टि खोल्दछ र वास्तविकताले बाटो

देखाउँछ । यी तीन तत्व एकै ठाउंमा एक आपसमा रहेमा मात्र कर्जा असुलिमा पुनर्जागरण सम्भव हुन सक्दछ । साथै कर्जा असुलीको पुनर्जागरण राम्रो संग हुनु भनेको देशको वित्तीय स्वास्थ्य सुधार्नु, लगानीको सुरक्षामा भरोसा जगाउनु र बैंक र ऋणीहरुवीच पारस्परिक विश्वासको नयाँ अध्याय सुरु हुनु हो ।

अन्तत : कर्जा असुली बैकको चुनौती मात्र नभई यसलाई अवसरको रुपमा लिई अघि बढ्नुको विकल्प देखिदैन । जब बैक तथा वित्तिय संस्था, ऋणी र नियामक निकायले देशको परिस्थिती अनुसार साझा दृष्टिकोण र सहकार्यको बाटो तय गर्दछन् तब मात्र विश्वास, विवेक र वास्तविकताको संगमवाट बैंक तथा वित्तीय संस्थाको असुली प्रक्रिया अझै प्रभावकारी बन्न सक्दछ । साथै पुन: जागरणको बाटोमा बैकिङ्ग विश्वास पुर्नस्थापना गर्नु केवल आवश्यकता मात्र नभई आगामी देशको आर्थिक स्थायित्व र समृद्दिको समेत मूल आधार हो ।

Environmental, Social and Governance (ESG) Reporting in Nepalese Banks: Emerging Trends and Persistent Challenges

Seeprata Parajuli

Integrated Risk Management Department

Focus of policy makers around the globe have shifted towards Environment, Social and Governance (ESG) recently. With worldwide adoption of ESG policy, its relevancy in banking sector seems increasing as it is being linked to economic stability. In the same context, banks have started including ESG policy in their banking activities for responsible lending, financial sustainable projects, maintaining transparency and risk assessment. Earlier banks were involved in society through Corporate Social Responsibility (CSR) activities but currently they have shifted towards measurable, transparent and regulated sustainability practices. With the rapid adoption of ESG policies around the world, it has gained familiarity in Nepalese banking sector as well.

In Nepalese banking context, Nepal Rastra Bank (NRB) has issued Environmental and Social Risk Management Guideline (ESRM) guideline in 2018 (Revised in 2022) showing regulatory commitment towards integrating sustainability in financial decision making. Being mandatory guidelines for BFIs, the major objectives of the guideline were focused on environmental, social, climate risks related to business activities of clients. Likewise, credit risk management authorities of Bank and Financial Institutions (BFIs) were to be informed regarding E and S risk in their business which mainly focuses on screening risk on credit appraisals, monitoring and reporting process. As a mandatory guideline that supports regulatory requirements and strategic opportunities, Nepalese BFIs are under pressure to demonstrate lending activities that support sustainability and growth. Potential risk related to pollution, use of resources, gender impact, community safety are to be looked upon while approving loan facilities

Focusing on environmental and sustainability aspect Nepal Green finance Taxonomy (2024) has been issued which has further strengthen the guideline led by NRB on ESRM that supports green economy. Further, Initial Environmental Examination (IEE), Environmental Impact Assessment (EIA), E & S due diligence report, risk rating are mandated under the guideline for certain threshold while sanctioning credit facilities. In line with complying the guideline most of the commercial banks of Nepal have already started publishing sustainability section in their financial reports, establishing ESRM units as well. Various ESRM trainings in collaboration with Nepal Bankers' Association (NBA) to aware bankers, share best practices are initiated from banking levels. Similarly, banks have started to classify their loan portfolio based on environmental impacts such as green, and eco, renewable energy financing, eco-friendly lending practices. Thus, it can be said that banks are now not just complying with the regulatory requirement for risk avoidance, rather they are identifying green and sustainable business opportunities in their avenues.

Though positive shift towards ESRM reporting can be witnessed in Nepalese banking sector, bank still faces some challenges in its implementation. In Nepal, many borrowers belong to small and medium enterprises (SMEs), as they barely keep detail of their enterprises impact on the environment and society it causes hinderances in availability of reliable data making it difficult for BFIs to assess E & S risk efficiently. Likewise, lack of mechanism to collect, store analyze the generated data is one of the other challenges.

BFIs are compelled in implication of ESRM guideline as mandated by regulatory body but lack of awareness in the field, lack of trainings and technical manpower, it has become formality rather than a meaningful tool for risk control. Similarly, no standardized formats are provided to BFIs for reporting which creates complexion among stakeholders and regulators to compare the reports. Thus, proper framework and uniform format are required. Although submission of reports is compulsory to BFIs, due to lack of monitoring and strict supervision the reports presented are mostly limited to documentation level rather than to enhance the perceived outcome. `

In nutshell, Nepalese banks are showing incredible shift in adoption of ESRM guidelines, establishment and enforcement of various related policies and implications are praiseworthy which have been able to create some solid foundations environmentally and socially into lending decisions. However, challenges pertain and it requires effective coordination among NRB, BFIs and related stakeholders. Thus, addressing the challenges and BFIs making themselves responsible not just at documentation level but also in action, complying with the reporting standards, ESRM reporting could help Nepalese banks to take sustainable business/investment decisions and achieve environment and social goals of the nation.

नेपालमा वित्तीय साक्षरताः महत्व र वर्तमान अवस्था

करुणाकला सुवेदी
मनहरी शाखा

वित्तीय साक्षरताको अर्थत्र

वित्तीय साक्षरता भन्नाले कुनै पनि व्यक्तिले रकम, पैसा, बचत, लगानी, खर्च, जोखिम व्यवस्थापन, ऋण नियन्त्रण, आय-व्यय सन्तुलन, भविष्य योजना जस्ता आर्थिक पक्षहरूको विषयमा सही ज्ञान, बुझाइ राख्नु तथा त्यस विषयमा व्यवहारिक क्षमताको विकास गर्नु हो। यो केवल कागजी परिभाषा मात्र नभएर दैनिक जीवनमा रकम कसरी चलाउने, कहाँ खर्च गर्ने, कसरी खर्च गर्ने, खर्च कटौती किन र कसरी गर्ने, बचत कसरी बढाउने र भविष्यका आवश्यकता पूरा गर्न कस्ता निर्णयहरू गर्नुपर्छ भन्ने विषयको कुशलता पनि हो । वित्तीय साक्षरता हुँदा व्यक्तिले पैसालाई आफ्नो नियन्त्रणमा राख्न सक्छ नकि पैसाले उसको जीवनलाई नियन्त्रण गर्न बाट जोगाउँछ । वित्तीय साक्षरता मूलतः जिम्मेवार आर्थिक सोच र योजनाको प्रमुख आधार हो । मानिसले आफ्नो आय सीमित भएको स्थितिमा पनि जीवनयापन सहज बनाउनको लागि अनावश्यक ऋणबाट टाढा रहन र दीर्घकालीन लक्ष्य-जस्तै शिक्षा, आवास, स्वास्थ्य, व्यवसाय आदि पूरा गर्न कस्तो वित्तीय योजना बनाउने भन्ने सीप नै यसको केन्द्रमा पर्छ । कोही व्यक्तिले महिनाको अन्त्यमा सधैं पैसा कहाँ हरायो भन्ने महसुस गर्छ भने उसको समस्या आय होइन, वित्तीय साक्षरतामा कमी हो । किनभने वित्तीय साक्षर भएका व्यक्तिले आफ्नो आय जे भए पनि उसको व्यवस्थापन व्यवस्थित ढङ्गले गर्छ ।

वित्तीय साक्षरता केवल व्यक्तिगत जीवनमा मात्र सीमित रहँदैन । यो परिवार र सन्ततिलाई सुरक्षित भविष्य दिने आधार पनि हो । जब परिवारका सदस्यहरू आर्थिक रूपमा सचेत र शिक्षित हुन्छन्, उनीहरूले भविष्यमा आर्थिक सङ्कट, आकस्मिक खर्च, बेरोजगारी, स्वास्थ्य समस्या वा अन्य आकस्मिक आर्थिक झट्का आएको बेला पनि विवेकपूर्ण निर्णय लिन सक्छ । वित्तीय ज्ञानले परिवारलाई केवल धनी होइन, अर्थिक रूपमा स्थिर र सुरक्षित समेत बनाउन सहयोग पुऱ्याँउछ । वित्तीय साक्षरतामा अर्को महत्वपूर्ण पक्ष भनेको वित्तीय ज्ञानको क्षमता र आर्थिक अनुशासनको सम्बन्ध पनि हो । पैसा कमाउनु मात्र पर्याप्त हुँदैन; त्यो पैसा सुरक्षित राख्ने, त्यसलाई बढाउने र सही तथा उपयुक्त ठाउँमा लगानी गर्ने क्षमता पनि चाहिन्छ । वित्तीय साक्षर व्यक्तिले आफ्नो खर्चलाई प्राथमिकतामा राखेर व्यवस्थित गर्छ, आकस्मिक अवस्थाका लागि सुरक्षित कोष जम्मा गर्छ र आगामी वर्षहरूमा आय बढाउन सकिने अवसरहरूको पहिचान समेत गर्छ । यस्ता व्यक्तिहरूले आय बढोस् वा नबढोस्, आफ्नो जीवनस्तर भने क्रमशः सुधार्दै लैजान्छ ।

वित्तीय साक्षरताको महत्व

वित्तीय साक्षरता भन्नाले आम्दानी, खर्च, बचत, लगानी, ऋण व्यवस्थापन जस्ता आर्थिक पक्षबारे सही निर्णय लिन सक्ने क्षमतालाई जनाउँछ । आजको प्रतिस्पर्धी र द्रुत गतिमा बदलिँदो समाजमा आर्थिक ज्ञान केवल सुविधा मात्र होइन आवश्यक कौशल पनि हो । यसले मानिसलाई आफ्नो जीवनका वित्तीय चुनौतीहरू सामना गर्न सक्षम बनाउँछ र दीर्घकालीन आर्थिक स्थिरता कायम राख्न मद्दत गर्छ । दैनिक जीवनमा पैसाको प्रभाव अत्यन्त ठुलो हुन्छ । वित्तीय साक्षरता भएको व्यक्तिले आफ्नो आम्दानी कति छ, खर्च कति गर्नुपर्ने हो, बचत कहाँ र कसरी गर्नुपर्छ भन्ने कुरा स्पष्ट बुझ्न सक्छ । यस्तो ज्ञानले अनावश्यक खर्चहरू घटाउँछ र अनुशासित आर्थिक व्यवहार विकसित गराउँछ, जसले जीवनलाई सहज र तनावमुक्त बनाउँछ ।

वित्तीय साक्षरता अभावका कारण धेरै मानिसहरू ऋणको जालोमा फस्छन् । सही आर्थिक निर्णय लिन नसक्नु, उच्च ब्याजदर, अनियन्त्रित खर्च तथा धोकापूर्ण आर्थिक योजनाहरूमा अलमलिनु जस्ता जोखिमहरू बढ्छन् । तर वित्तीय ज्ञान भएको व्यक्तिले ऋणको उचित प्रयोग, ब्याजदरको तुलना, जोखिम मूल्याङ्कन र वित्तीय योजनाहरू बनाउन सक्छन् । जसले दीर्घकालीन आर्थिक सुरक्षा सुनिश्चित गर्छ । रोजगारी वा व्यवसायमा पनि वित्तीय साक्षरता अत्यन्तै महत्वपूर्ण हुन्छ । कमाइ बढाउन, व्यवसायलाई टिकाइराख्न र विस्तार गर्न विश्वसनीय वित्तीय योजना आवश्यक पर्छ । बजेट बनाउने, नगद प्रवाह नियन्त्रण गर्ने, कर सम्बन्धी ज्ञान राख्ने जस्ता सीपहरू व्यावसायिक सफलताको आधार हुन् । साथै, डिजिटल बैंकिङ, मोबाइल वालेट र अन्य आधुनिक वित्तीय प्रविधिहरूको प्रयोगमार्फत वित्तीय पहुँच बढाउन सकिन्छ, जसले नेपाललाई आर्थिक समावेशीतर्फ अघि बढाउन महत्वपूर्ण भूमिक खेल्न सक्छ। परिवारले आफ्ना आय, खर्च, बचत, लगानी र ऋणको व्यवस्थापन गर्ने क्षमता बुझाउनु हो। तर नेपाली समाजमा धेरैले दैनिक जीवनका खर्च मात्र सोच्ने गर्दछन् र भविष्यको योजना बनाउन वा लगानी गर्ने बारेमा पर्याप्त जानकारी राख्दैनन्। ग्रामीण क्षेत्रका मानिसहरू प्रायः परम्परागत बचत र ऋण प्रणालीमा भर पर्ने गर्दछन् भने सहरी क्षेत्रमा पनि बैंकिङ, बिमा, शेयर

बजार र अन्य वित्तीय उपकरणहरूको प्रयोग सीमित छ । यसको मुख्य कारण शिक्षा, पहुँचको कमी, वित्तीय विषयमा जनचेतना र जोखिमको डर हो । वित्तीय साक्षरता अभावका कारण मानिसहरूले अक्सर अनावश्यक ऋण लिनु, धोखा धडीमा पर्नु वा आफ्नो बचत नबचाउनु जस्ता समस्याहरू भोग्नु पर्छ । यसैले नेपालमा वित्तीय शिक्षा र जनचेतना अभिवृद्धि गर्नु अत्यन्तै जरुरी छ । यदि मानिसहरूले समयमै आफ्नो आम्दानी, खर्च र लगानीको सही व्यवस्थापन गर्ने सीप सिके भने व्यक्तिगत जीवन सुधारिने मात्र होइन सम्पूर्ण अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पर्छ । त्यसैले वित्तीय साक्षरता नेपाली समाजको आर्थिक समृद्धि र स्थायित्वका लागि आधारभूत आवश्यकताको रूपमा रहिसकेको छ । अन्त्यमा, वित्तीय साक्षरता आजको आधुनिक समाजमा अत्यन्त महत्वपुर्ण विषय बनेको छ । यसले व्यक्तिहरूलाई आफ्नो आय, खर्च, बचत र लगानीलाई विवेकपूर्ण तरिकाले व्यवस्थापन गर्न सक्षम बनाउँछ । नेपाल जस्तो विकासशील मुलुकमा जहाँ जनसङ्ख्या ठुलो छ र आर्थिक अवसर सीमित छन्। वित्तीय साक्षरताको अभावले मानिसहरूलाई ऋण, अत्यधिक खर्च र आर्थिक असुरक्षामा पु¥याउन सक्छ । यदि हामी वित्तीय शिक्षा र सचेतता प्रवर्द्धन गर्न सक्षम भयौं भने छोटो अवधिका आवश्यकता र दीर्घकालीन लक्ष्यहरूलाई सन्तुलनमा राख्न सकिन्छ । प्रगतिशील दृष्टिकोणले हेर्दा नेपालको ग्रामीण तथा सहरी दुवै क्षेत्रमा बैंकिङ्ग, बिमा, लगानी र डिजिटल वित्तीय सेवामा पहुँच विस्तार गर्नु जरुरी छ । साथै युवा पुस्तालाई विद्यालय तथा कलेज स्तरबाटै वित्तीय व्यवस्थापन, बजेटिङ्ग, लगानी, क्रेडिट स्कोर र बचतको महत्व सिकाउनु आवश्यक छ । यसले केवल व्यक्तिगत जीवन सुधार गर्ने मात्र होइन, राष्ट्रको आर्थिक स्थायित्व र समृद्धिमा पनि योगदान पु¥याउँछ । नेपालले डिजिटल भुक्तानी प्रणाली, मोबाइल बैंकिङ्ग, तथा वित्तीय प्रविधि FinTech मार्फत वित्तीय समावेशीकरणमा ठुलो कदम चाल्न सक्छ । भविष्यमा, जब हरेक नागरिक वित्तीय रूपमा साक्षर र सचेत हुनेछन्, तब मात्र हामी आत्मनिर्भर, समृद्ध र समावेशी नेपाल निर्माण गर्न सक्षम हुनेछौं ।

बैंकिङ्ग क्षेत्रमा कर्जा असुली : समस्या र समाधान

विनित के.सी.
कानुन तथा सेयर विभाग

सामान्य अर्थमा भन्दा बैंकिङ्ग प्रणाली/क्षेत्र भन्नाले निक्षेप संकलन र कर्जा प्रवाह गर्ने संगठित संस्था भन्ने बुझिन्छ । कर्जा प्रवाह गरे पश्चात समयमा सो कर्जा असुली गर्नु पनि बैंकहरुको एक महत्वपुर्ण कार्य हो । तथापि लामो समय देखी बैंकबाट प्रदान गरिने कर्जा र सोको पुर्ण सदुपयोगिता निश्चित गर्दै समयमा कर्जा असुली गर्नु आफैमा एउटा ठुलो चुनौति बन्दै गएको छ र यसको समाधान गर्न सम्पुर्ण बैंक तथा वित्तीय संस्थालाई ठुलो आर्थिक भार समेत खेप्नुपरेको छ । यसका अतिरिक्त सन् २०२० मा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ र थुप्रै ठुला देशहरुमा चलिरहेको आन्तरीक युद्द (चाहे त्यो सैन्य होस वा शितयुद्द) को प्रभावले अर्थतन्त्रमा पारेको असरले गर्दा चुनौती थप गरेको छ ।

नेपालका बैंकहरुमा ऋणीले कर्जा तिर्न सक्ने बलियो आधार धितो सुरक्षणलाई लिने गरिएको छ । जसले गर्दा निज ऋणीले भविष्यमा कंथकदाचित बैंकको वक्यौता तिर्न बुझाउन असमर्थ रहेको अवस्थामा उक्त धितो सुरक्षणको लिलाम बिक्री वा बैंक स्वयमले सकार गरी स्वप्रयोजनका लागि उपयोग गर्ने बाहेक अन्य कुनै वैकल्पिक उपाय रहेको पाईदैन केही समय अघि मात्र कर्णाली डेभलप्मेन्ट बैंक लि.को वित्तीय सुचांक हेर्दा धरासायी अवस्थामा रही नेपाल राष्ट्र बैंकबाट समिति नै गठन गरी नेपाल राष्ट्र बैंकको अगुवाईमा उक्त बैंकको व्यवस्थापन लगायत अन्य समेतमा प्रत्यक्ष संलग्न भई कार्य गर्ने गरी अभियान सुरु गरियो जसले गर्दा विद्यमान अवस्थामा समस्त बैंक तथा वित्तीय संस्थाको उत्तरदायित्व उपर ठुलै औंला उठ्यो । यस्तो अवस्था सिर्जना हुदाँ सम्पुर्ण लगानीकर्ता, बचतकर्ता र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न व्यक्ति, संस्थालाई निरुत्साहीत पार्ने कार्य गर्दछ । वर्तमान परिपेक्षमा बैंकहरुले लगानी गर्न नसक्ने र उक्त लागनीयोग्य रकम पनि नेपाल राष्ट्र बैंकद्धारा बोलकबोल गरी खिचिने जस्ता कार्यमा मुलुककै अर्थतन्त्र समेतमा प्रत्यक्ष असर देखापरेको छ ।

नेपाल राष्ट्र बैंकबाट विभिन्न समयमा जारी निर्देशन अनुसार कर्जालाई सक्रिय र निष्क्रिय गरी दुई भागमा विभाजन गरी छुट्टयाईएकोमा ती दुईलाई पनि (असल, सुक्ष्म निगरानी, कमसल, शंकास्पद र खराब) गरी वर्गिकरण गरेको छ । जसमा प्रवाह भएको मितिबाट १२ महिनाको समय अन्तराल राखेको छ । साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५६ र ५७ मा वर्गिकृत कर्जाहरुको असुली प्रकृयाको व्याख्या गरेको पाइन्छ । यि बाहेक कर्जा भाखा हेरी सार्वजनिक सुचना, धितो सुरक्षणको लिलाम बिक्रीको सुचना प्रकाशन गर्ने, कालेसुचीमा समावेश गर्ने, विभिन्न तहका अदालतहरुमा मुद्दा दायर गरी असुलीको प्रक्रियाहरु अवलम्बन गर्नुका साथै कर्जाको भाखा हेरी ऋण असुली न्यायाधिकरणमा उजुरी दायर गर्ने कार्य बैंकले अवलम्बन गर्दै कर्जा असुली गर्दै आईरहेको छ ।

समाधानहरु :

१. कर्जा लगानी गर्नु पूर्व संलग्न कर्मचारीलाई निज ऋणीको पारिवारिक लगायत दैनिक जिवनयापनको ज्ञान राख्नु जरुरी देखिन्छ ।
२. कार्यरत कर्मचारीहरुलाई विद्यमान कानुन तथा नियमहरुको ज्ञान राख्न उचित तालिमको व्यवस्थापन गर्नुपर्दछ ।
३. कर्जा लगानी भएको दिन देखी नै उक्त ऋणी र कर्जा रकमको सदुपयोगितामा विशेष ध्यान दिनुपर्दछ ।
४. वर्तमान अवस्था भन्दा भविष्यलाई मध्यनजर गर्दै धितो सुरक्षणको ज्ञान हुनुपर्ने आवश्यक देखिन्छ ।
५. नियमित रुपमा कार्यविधी र अन्य प्रावधानहरुको अध्यापनका साथै फिल्डमा गर्नुपर्ने कार्यहरुलाई कार्यशैलीको रुपमा तयार गर्न, अवलम्बन गर्न र कार्यान्वयन गर्न प्रोत्साहन गनुपर्दछ ।

संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रममा सरिक हुँदा मिलेको खुसी

सरिता गौतम
सामान्य प्रशासन विभाग

झण्डै डेढ दशक भयो, बैकिङ्ग करिअरमै छु । शुरु शुरुमा जब मैले 'सि.एस.आर' अर्थात बैकिङ क्षेत्रको सस्थागत सामाजिक उत्तरदायित्वका बारेमा सुन्थे, त्यो केवल बैंकले बार्षिक रुपमा छुट्याएको बजेट खर्च गर्ने औपचारिकता मात्रै हो कि भने झै लाग्थ्यो । तर, समयसँगै जब कतिपय सिएसआर गतिविधिमा सरिक हुन पाँए, त्यसपछि मैले बुझे, बैकिङ्ग क्षेत्रको सस्थागत सामाजिक उत्तरदायित्वको जिम्मेवारी भनेको केवल नेपाल राष्ट्र बैंकको निर्देशन पछ्याएर खर्च गरिने सिमित बजेट मात्रै होइन रहेछ, यसले त समाजलाई संस्थासँग जोड्दो पनि रहेछ ।

सि.एस.आर गतिविधिमा सरिक भएका दुईटा सन्दर्भहरु म भुल्नै सक्दिन । पहिलो, महालक्ष्मी विकास बैंकको मैतीदेवी शाखामा काम गर्दा सहकर्मीहरुसहित हामी नजिकैको मैतीदेवी मन्दिरमा ब्रतालुहरुलाई पानी र फलफुल वितरणका लागि गएका थियौं । बडा दशैं को नौरथा चलिरहेको थियो । सि.एस.आर गतिविधि अन्तर्गत त्यो दिन मैतीदेवी मन्दिरमा दर्शनार्थ आउने भक्तजन र ब्रतालुहरुलाई पानी र फलफूल वितरण गर्ने कार्यक्रम थियो । सोही अनुसार, हामीले दर्जनौं महिला ब्रतालुहरुलाई पानी र फलफूल वितरण गर्‍यौं । त्यसक्रममा थुप्रै ब्रतालुहरुसंग कुराकानी भयो । त्यसबाट मैले थाहा पाएँ, अझै थुप्रै महिलाहरु बैकिङ्ग क्षेत्रबारे अनभिज्ञ छन् । काठमाण्डौंको मुटुमै भेटिएका थुप्रै महिलाहरु अझै बैकिङ्ग पहुँचबाट टाढा रहेछन् भन्ने थाहा पाउँदा आश्चर्य लागेको थियो । त्यसक्रममा मैले धेरै ब्रतालु महिलाहरुलाई बैकिङ्ग प्रणालीका फाइदाहरु बताएको थिए । बैंकमा आफुसँग भएको नगद राख्दा हुने सुरक्षा र त्यसबाट हुने लाभबारे बताएको थिए । खुसी त त्यतिखेर लाग्यो, जब त्यस दिन भेटिएकी एक वृद्धा केही दिनपछि मलाई खोज्दै हाम्रो मैतीदेवी कार्यालय नै आइपुगिन । त्यसअघि उनको बैंकमा कुनै खाता रहेनछ, त्यस दिन उनले हाम्रो बैंकमा खाता पनि खोलिन । अर्को सन्दर्भ कालीमाटी शाखामा रहेर काम गर्दाको सम्झन्छु । एउटा स्थानीय सामुदायिक विद्यालयमा विद्यार्थीहरुलाई स्कुल व्याग, कापी, कलमहरु वितरण गर्ने कार्यक्रम थियो । अधिकांश विद्यार्थीहरु चप्पल लगाएर, किताब हातैमा बोकेर आएको देखिन्थ्यो । स्कुल ड्रेस पनि सबैले लगाएका थिएनन् । हुन त हाम्रा सामुदायिक विद्यालयहरुको हालत जहीँतहीँ त्यस्तै देखिन्छ । कालीमाटीको त्यो विद्यालय पनि त्यसबाट अछुतो थिएन । यो सबै जान्दाजान्दै पनि ती विद्यार्थीको अवस्था देखेर मन खिन्न भएको थियो । तर, जब हातमै किताब च्यापेर आएका विपन्न विद्यार्थीहरुले झोला लगायत पाठ्यसामाग्री पाए, तिनको अनुहार खुसी र मुस्कानले चम्कियो । त्यसले मेरो मन पनि प्रफुल्ल भयो । निम्न आय भएका अभावग्रस्त बालबालिकाको अवस्था देखेर भावुक भएको थिए । आफू कार्यरत संस्थाले सामाजिक उत्तरदायित्व बोध गर्दै केही सहयोग गर्दा तिनको अनुहारमा जुन खुसी देखियो, त्यसले मलाई पनि खुसी बनाएको थियो ।

यस्तै स-साना खुसीहरुबाट प्रेरित भएर नै म सि.एस.आर गतिविधिहरुमा सरिक हुन उत्साहित हुने गर्छु । हुन त कतिपय सहकर्मीहरुले सि.एस.आर गतिविधिहरुमा सरिक हुनुपर्दा दबाबको रुपमा लिएको पनि देख्छु । कार्यालय समयभन्दा छिटो जानुपर्ने वा ढिलोसम्म बस्नुपर्ने, कतिपय अवस्थामा विदाको दिन पनि जानुपर्ने भएकाले यसलाई बोझ मान्ने प्रवृत्ति पनि यदाकदा देखिन्छ । तर, मलाई भने सि.एस.आर गतिविधिमा सरिक हुँदा केही सिकिन्छ भन्ने लाग्छ । समाजका विभिन्न तप्काका मान्छेहरुसँग अन्तक्रिया र संवाद हुँदा त्यसले केही न केही पाठ सिकाइरहकै हुन्छ । त्यसकारण मलाई सि.एस.आर गतिविधिको महत्व धेरै छ भन्ने लाग्छ ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तिय संस्थाहरुलाई नाफाको निश्चित हिस्सा सामाजिक काममा खर्च गर्नैपर्ने कानुनी अनिवार्यता बनाइदिएको छ । बैंकहरुले पनि सोही प्रावधानका कारण शिक्षा, स्वास्थ्य, विपद व्यवस्थापन, वातावरण संरक्षण, खेलकूद आदि क्षेत्रमा सि.एस.आर गतिविधि सञ्चालन गर्ने गरेको पाइन्छ । वित्तिय क्षेत्र सुदृढ हुँदै जाँदा यो अवधारणा विस्तार हुदै गएकोमा दुइमत छैन तर, संगै प्रश्न पनि उठ्ने गरेको छ, बैंकहरुले गर्ने सि.एस.आर गतिविधिले के साँच्चै सामाजिक उत्तरदायित्व पुरा गर्न सकेका छन् त ? मलाई लाग्छ, बैंकहरुले यो प्रश्नमा घोत्लिनु आवश्यक छ । कतै हामीले सि.एस.आर.लाई 'बाध्यकारी बजेट' मात्रै मानिरहेका त छैनौं ? सि.एस.आर अन्तर्गत गरिने खर्चको सकारात्मक प्रभाव मूल्यांकनको विधि के हो ? खर्चका लागि खर्च गरिदिने तर त्यसको सकारात्मक तथा नकारात्मक प्रभाव हेर्न सकिएन भने त्यसको औचित्य सायद रहने छैन । सि.एस.आर गतिविधि गर्दा स्थानीय सरकारसँग समन्वय गरेर गर्ने हो कि ? यी प्रश्न पनि यतिखेर महत्वपूर्ण बनेका छन् । सि.एस.आर.ले समुदायमा यसप्रतिको सकारात्मक छवि पनि बन्छ । तर, संगै यस्ता कार्यक्रमले समाजमा के कति सकारात्मक प्रभाव पार्छ, यो पक्ष पनि भुल्नु चाँहि हुँदैन ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य
Business Connect
MOST CUSTOMER-
CENTRIC BANK
OF THE YEAR 2025
TRAVEL RETREAT FOR YOU AT
TRIBHUWAN INTERNATIONAL AIRPORT
RADISSON LOUNGE
ENJOY AN EXCLUSIVE 15% OFF ON LOUNGE ACCESS AND SERVICES
Radisson
HOTEL KATHMANDU
*T&C APPLIED
For all
OUR DEBIT / CREDIT CARD HOLDERS
AND MOBILE BANKING USERS.
www.mahalaxmibank.com
BANKING AWARDS
ISO

आजको बचत

भोलिको खुशी !

Published by Mahalaxmi Bikas Bank

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

सबल बैंक सफल सहकार्य

2nd Floor Annapurna Arcade II
Durbarmarg, Kathmandu, Nepal
Phone No.: +977-01-5368719, 5368720
Toll Free No.: 16600115015
Email: info@mahalaxmibank.com.np
Website: www.mahalaxmibank.com